# भ्रष्टाचार नियन्त्रण सम्बन्धी अवधारणा नेपालको अवस्था, चुनौती र सुझाव : एक विश्लेषण

- निर्मलादेवी लामिछाने (वस्ती)*


## सारांश

*भ्रष्टाचार सुशासनको बाधक, राज्यस्रोतको अपव्यय र कार्यप्रक्रियालाई अपारदर्शी बनाउने अनपेक्षित व्यवहार तथा कुसंस्कृति हो । देशमा उपलब्ध साधनस्रोत र नागरिक अपेक्षाबीच असन्तुलन भई विकासको गतिमा अवरोध उत्पन्न हुनुमा भ्रष्टाचार प्रमुख कारक तत्व हो । नेपालको सन्दर्भमा झाँगिदै गएको भ्रष्टाचार र मन्द विकासको गति एवं स्खलित हुँदै गएको सुशासन एवं मानव मूल्य र स्रोतसाधनको दुरुपयोग विकराल सामाजिक समस्याको रुपमा रहेको छ। यसको पुष्टि मानव विकासको दयनीय अवस्था, बढ्दो नागरिक असन्तुष्टि, विकासका बहुपक्षीय आयाममा, देखिएको शिथिलता, वितरण र उपभोग शैलीमा देखिएको विषमता एवं अध्ययन अनुसन्धानको प्रतिवेदनबाट स्वत छर्लङ्ग भएको छ। अतः प्रस्तुत लेखमा नेपालको परिदृष्यमा भ्रष्टाचारको सारभूत अर्थ, अवधारणा, भ्रटाचार मौलाउनाका कारणहरु, चुनौतीहरु, भ्रष्टाचार नियन्त्रणको सम्बन्धमा विद्यमान नीतिगत, संस्थागत र कानूनी एवं प्रक्रियागत पहलकदमी बारेमा चिरफार गर्ने प्रयास गरिएको छ । समकालीन नेपाली समाजमा शान्ति, सदाचार, सुव्यवस्ता, समृद्धि र सन्तुलित विकासको लागि भ्रष्टाचार नियन्त्रण अनिवार्य पूर्वशर्त भएकाले पनि भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउने सम्बन्धमा व्यवहारिक र कार्यान्वियनयोग्य सुझावहरु प्रस्तुत गरिएको छ। भ्रष्टाचारको समूल अन्त्य गर्न मूल्यमा आधारित समाज र सामूहिक ऐक्यवद्धताको जरुरी पर्दछ। निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक रणनीति अवलम्बन गरी मनोगत, व्यवहारगत र प्रणालीगत पारदर्शिता भ्रष्टाचार नियन्त्रणको लागि अचुक अस्त्र हुन सक्दछ। यस किसिमको पुनित कार्यलाई सफलीभूत बनाउन व्यक्तिगत तवरबाट, सामाजिक परिचालन, सांगठनिक सुदृढीकरण, नागरिक समाजको सशक्तिकरण, नियामक निकायको रणनैतिक कार्यान्वियन, बहुउत्तरदायित्वको श्रृंखला निर्माण, स्वच्छता र पारदर्शिता प्रवर्द्धन एवं पुरस्कार र दण्डको प्रावधान समेत महत्वपूर्ण सावित हुन सक्छ । यस लेखको सार उपरोक्त सेरोफेरोमा केन्द्रित गरिएको छ। वस्तुतः सिद्धान्त, अनुभव र दृष्टिकोणको त्रिवेणीबाट खारिएर भ्रष्टाचार रहित समाजको सृजना आजको आवश्यकता हो।*


## १ . परिचय (Introduction)

भ्रष्टाचारले गलत कार्यशैली, प्रक्रिया एवं पद्धतिलाई बुझाउँछ। नीति, नियम र कार्यादेशको बर्खिलाप गरी नागरिक अहित हुने कार्य भ्रष्टाचार हो। भ्रष्टाचार नियन्त्रण सम्बन्धी विश्वको सन्दर्भमा संस्थागत विकास वि.सं. १८०९ मा

*ACDO Rupandehi

स्वीडेनमा विकास भएको Ombudsman (स्वीडेनिस भाषामा नियमन गराउने कसैको प्रतिनिधि वा प्रवक्ता) को अवधारणाबाट सूत्रपात भएको पाइन्छ। यस पश्चात स्कान्डेनिभियन मुलुकहरुले क्रमशः फिनल्याण्ड, डेनमार्क, नर्वे आदिले प्रशासकीय ज्यादती, बदमासी एवं भ्रष्टाचार दुरुत्साहन गर्न अम्बुड्स्म्यानको अभ्यास अगाडि बढाएको पाइन्छ। हाल शासकीय विशुद्धता कायम गरी सुशासन प्रबर्धन गर्न प्रायः विश्वका सबै मुलुकहरुले भ्रष्टाचार नियन्त्रण सम्बन्धी नीतिगत, संस्थागत एवं कार्यविधिगत मापदण्ड विकास गरी भ्रष्टाचार नियन्त्रणमा पहलकदमी गरेको पाईन्छ। विश्वव्यापी रुपमा विविध सूचकको आधारमा वार्षिक रुपमा भ्रष्टाचार मापन गर्ने कार्य Transparency International नामक संस्थाले गर्दै आएको छ। शक्तिको दुरुपयोग (misuse of power) घुस लेनदेन (bribery) अदृश्य र बन्द प्रकृतिको अनुचित व्यवहार (secret deals) को निगरानी र नियन्त्रण।

भ्रष्ट + आचरण दुईवटा शब्द मिलेर भ्रष्टाचार शब्दको व्यूत्पत्ति भएको छ। यसको अर्थ अनपेक्षित, अस्वीकार्य र गलत आचार, व्यवहारिक संगति एवं चालचलन हो। शाब्दिक विश्लेषण गर्ने हो भने विचार, प्रवृत्ति र व्यवहारको प्रणालिगत अकर्मन्यतालाई भ्रष्टाचार भनिन्छ। भ्रष्टाचार सामाजिक जीवनको कलङ्क मात्र नभई आर्थिक प्रणालीको भयानक एवं संक्रामक रोग पनि हो। सन्तुलित विकास, समन्यायिक वितरण प्रणाली, वैयक्तिक, सामाजिक एवं आर्थिक जीवनको स्वच्छता मापन गर्न भ्रष्टाचार निर्मूलीकरण हुनु पर्दछ। अत : भ्रष्टाचारलाई आर्थिक, न्यायिक, सामाजिक, भौतिक, नैतिक, पर्यावरणीय एवं विधिशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्नु जरुरी छ। नेपालको सन्दर्भमा परम्परागत रुपमा धार्मिक मूल्य मान्यता उन्मुख सनातन सांस्कृतिक मूल्यसँग असल आचरण जोडिएको छ। पृथ्वीनारायण शाहको पालामा घुस दिने र लिनेलाई मुलुकको महान शत्रु मानिएको तत्कालीन दिव्यग्रन्थमा उल्लेख छ। राणाकालीन समयमा "हाकिमको नाममा कराउने महल" जंगबहादुर राणाको पालामा विकसित भएको "मुलुकी ऐन २०१०" लगायतका प्रावधानले आंशिक रुपमा भए पनि भ्रष्टाचार नियन्त्रणको लागि पहलकदमी भएको झझल्को दिन्छ। हालको राज्य व्यवस्थामा नागरिकमैत्री ढंगले सुशासन सञ्चालन गर्न भ्रष्टाचार नियन्त्रण अनिवार्य पूर्वशर्त स्थापित भइसकेको छ। अन्ततः भ्रष्टाचारको समूल अन्त्य गर्न गौतम बुद्धको Eight fold Paths of Life भित्रका मुख्य अवयवहरु सम्यक बचन (Right speech), सम्यक कर्म (Right action) सम्यक दृष्टि (Right vision) सम्यक आजीविका (Right livlihood) सम्यक चिन्तन (Right mindfulness), सम्यक ध्यान (Right consentration) सम्यक प्रयास (Right effort) सम्यक इच्छा (Right intention) लाई आत्मसात गर्नु आवश्यक देखिन्छ। उपरोक्तानुसार व्यवहारिक परिदृष्यमा भ्रष्टाचारलाई पूर्णरुपेण अन्त्य गर्न नसकेता पनि न्यूनीकरणको लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपायहरुको अवलम्बन गर्नु जरुरी छ।

भ्रष्टाचार निवारण ऐन २०५९ ले देहायका कार्यलाई भ्रष्टाचार भित्र सूचिकृत गरेको छ।

- राष्ट्रसेवक वा कुनै व्यक्तिले कुनै काम गरिदिए वापत वा नगर्न र नगरिदिए वापत आफ्नो वा अरु कसैको निम्ति नगद, जिन्सी वा लाभ लिएमा
- बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिएमा वा दिएमा
- दान, दातव्य वा चन्दा लिने
- वस्तु वा सेवा खरिद गर्दा वा ठेक्कापट्टा लिँदा वा दिँदा कमिसन दिने

- राजस्व चुहावट गर्ने
- गैरकानूनी लाभ वा हानी पुऱ्याउन गरिने बदनियतपूर्ण काम
- गलत लिखत तयार पार्ने
- गलत अनुवाद गर्ने
- सरकारी कागजात सच्याउने
- सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्नेलाई
- प्रश्नपत्रको गोपनियता भङ्ग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्नेलाई
- गैरकानूनी व्यापार व्यवसाय गर्ने
- नपाएको ओहदा पाएँ भन्ने
- झुटो विवरण दिने
- सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गर्ने
- गैरकानूनी दबाब दिने
- गलत प्रतिवेदन दिने
- गैरकानूनी रुपमा अकूत सम्पत्ति आर्जन गर्ने
- भ्रष्टाचारको मतियारको रुपमा उद्योग गर्नेलाई हुने सजाय

**नेपालको सन्दर्भमा भ्रष्टाचार नियन्त्रणको लागि भएका नीतिगत, कानूनी एवं संस्थागत व्यवस्थाहरु**

**नीतिगत व्यवस्था** :

- नेपालको संविधान २०७२ को प्रस्तावनामा नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रत्रा, निष्पक्ष, सक्षम तथा कानूनी राज्यको अवधारणा अवलम्बन गरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान जारी भएको उल्लेख छ ।
- नेपालको संविधानको राज्यका नीतिहरु अन्तर्गत अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा उपलब्ध साधन श्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने कुरा उल्लेख गरिएको छ। साथै काला बजारी, एकाधिकार, कृत्रिम अभाव सृजना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने कुरा उल्लेख छ ।
- कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरि अख्तियारको दुरुपयोग गरेको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ भन्ने मान्यता बमोजिम संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ ।
- नेपालको चालु योजनामा भ्रष्टाचारलाई निरुत्साहन गर्न निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक शैलीको अवलम्बन गर्ने, सार्वजनिक निकायमा हुने भ्रष्टाचारको नियन्त्रणको लागि वस्तुनिष्ठ र पारदर्शी मापदण्ड

लागू गर्ने, निजी तथा गैरसरकारी संस्थाबाट हुने अनियमित कार्यलाई समेत भ्रष्टाचार नियन्त्रणको दायरामा ल्याउने जस्ता रणनीतिहरु उल्लेख गरिएको छ ।

- चालु योजनाले भ्रष्टाचार न्यूनीकरणको लागि नैतिक शिक्षामा जोड, कार्य प्रक्रियामा कानूनको शासन एवं इमानदारिता, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने, भ्रष्टाचार विरुद्ध क्रियाशील निकायहरुको सुदृढीकरण गर्ने, सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने आदि कार्यनीति अवलम्बन गरिएको छ ।
- भ्रष्टाचार नियन्त्रणको कार्यक्रम अन्तर्गत यस क्षेत्रमा काम गर्ने कर्मचारीहरुको क्षमता विकास गर्ने, भ्रष्टाचारको क्षेत्रमा अध्ययन, अनुसन्धान गर्ने, सरोकारवाला पक्षको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने, समन्वय, सहकार्य र अन्तर्राष्ट्रिय साझेदारी प्रवर्द्धन गर्ने आदि कार्यक्रमको व्यवस्था भएको पाइन्छ ।
- वि.सं १९१० मा मुलुकी ऐन जारी भई अनियमित कार्यको नियन्त्रण र हाकिमको नाममा कराउने महल, अपिल सुन्ने व्यवस्था, लगत झिकाइ हेर्ने आदि कार्य व्यवस्था भएको ।
- भ्रष्टाचार ऐन २००९, २०१३ र २०१७ जारी
- वि.सं. २०३२ सालमा अख्तियार दुरुपयोग निवारण आयोगको व्यवस्था
- सम्पत्ति शुद्धीकरण ऐन
- नेपालको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संवैधानिक व्यवस्था

**संस्थागत व्यवस्था**

- नागरिक समाज अनुगमन व्यवस्था
- राष्ट्रिय सतर्कता केन्द्रको व्यवस्था
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- महालेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, महालेखा परीक्षकको कार्यालय

**नेपालमा भ्रष्टाचार हुन सक्ने सम्भाव्य क्षेत्रहरु**

नेपालमा भ्रष्टाचार हुन सक्ने सम्भाव्य क्षेत्रहरुलाई विधागत, कार्यविधिगत, मनोगत एवं पर्यावरयीय आयामबाट विश्लेषण गरिनु पर्दछ । मोटामोटी रुपमा आम समाचारका माध्यमहरु, नागरिक गुनासाहरु र जनआवाज श्रुति विश्लेषण गर्दा देहाय बमोजिमका क्षेत्रहरु उल्लेख गरिएको छ ।

- नीतिगत भ्रष्टाचार तथा राष्ट्रिय हितलाई सर्वोपरि नमानि vested interest बाट निर्देशित भएर
- कार्यगत रुपमा अनौपचारिक समूह खडा गरेर वस्तुगत आधार भन्दा विषयगत रुपमा समूह विशेषलाई फाइदा पुग्ने गरि सार्थक सहभागितामूलक व्यवस्थापनको वेवास्ता गर्ने र औपचारिकतामूलक व्यवस्थापनको कार्यबिधि अबलम्वन गरेर
- नियम र कार्यादिशले गर्नुपर्ने कार्य गरेबापत नगद, जिन्सी वा लाभ लिन सक्ने
- गर्नुपर्ने र नियमले मिल्ने कार्यलाई अनुकुल वातावरण हुँदाहुँदै आलटाल र ढिलासुस्ती हुन सक्ने
- वस्तु वा सेवा खरिद गर्दा कागजी अपराध हुन सक्ने
- सरकारी कागजातको हिनामिना र दुरुपयोग हुन सक्ने

- गलत लिखत तयार गर्ने, कागजात सच्याउने र  गलत अनुवाद गर्ने
- सूचनाको दुरुपयोग र बर्खिलाप गरेर
- प्रश्नपत्रको गोपनियता भङ्ग गर्ने, उत्तरपुस्तिका परीक्षणमा लापरवाही गर्ने, परिणाम फेरबदल गर्ने
- गैरकानूनी व्यापार व्यवसाय गर्ने
- नपाएको ओहदा पाएँ भन्ने, पदीय हैसियतले नमिल्ने कार्य गर्ने
- कर छली गर्ने, श्रोत बेगर अकुत सम्पत्ति आर्जन गर्ने
- गलत प्रतिवेदन दिने
- अरुलाई गलत गर्न उक्साउने वा मतियारको रुपमा काम गर्ने आदि ।

**नेपालमा भ्रष्टाचार मौलाउनुका कारणहरु**

नेपालमा भ्रष्टाचार मौलाउनुको लागि जीवन मूल्य, व्यक्तिगत अभिवृत्ति, सांगठनिक अवस्था, कार्य वातावरण, प्रशासनिक संयन्त्र,  दण्डहीनता (Impunity) राज्यको आर्थिक, सांस्कृतिक, भौतिक तथा पर्यावरणीय अवस्थाले प्रभाव पारेको हुन्छ । बुँदागत रुपमा भ्रष्टाचार मौलाउनका कारणहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

**क. व्यक्तिगत तहमा**

- व्यक्तिको आचरण, नैतिक मूल्य मान्यता एबं जीवनमूल्य सकारात्मक नहुनु
- छिटो छिटो धनी हुने उत्कट चाहना हुनु
- दैनिक आवश्यकताको समाधान गर्न धौ-धौ पर्नु
- सामाजिक परिवेश, साथी संगतिको प्रभाव एवं अन्य दबाबबाट ग्रसित हुनु एबं कमजोर मनोवलको अवस्था विद्यमान रहनु ।
- व्यक्तिको सोच, संस्कार एवं सक्षमताको मन्दी तथा मानवीय गरिबीजस्ता संस्कृतिजन्य दुरावस्था रहनु

**ख. सांगठनिक तहमा**

- सहभागितामूलक व्यवस्थापनको सार्थक अभ्यास नगरिनु
- कागजी अपराधको अन्त्य नगरिनु
- कार्यालयको कार्यवातावरण अनुकुल नहुनु, क्षमता र दक्षताको उपयुक्त व्यवस्थापन नभइ अदक्ष तर हाकिम रिझाउने प्रवृतिले प्रश्रय पाउनु ।
- इमान्दार कर्मचारीले यथोचित स्थान नपाउनु, मनोबल गिर्नु र अनौपचारिक गुटबन्दी गर्नेहरुले अड्डा जमाउनु, उनीहरुहकै कुरा विक्नु
- कार्यालय प्रमुखले तजबिजीय अधिकारको प्रयोग गर्दा दुरुपयोग गर्ने नियत राखेमा पनि भ्रष्टाचार मौलाउँछ ।

**ग. पर्यावरणीय तहमा**

देशको आर्थिक, सामाजिक, संस्कारजन्य एवं राजनीतिक अवस्था गुणात्मक र प्रभावकारी नभएमा भ्रष्टाचार मौलाउँछ। यसलाई बुँदागत रुपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छ।

- राजनीतिक मूल्य मान्यता स्खलन भई निष्ठा र संस्कारको अलवा राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरण हुने खतरा तथा गलत कार्यको राजनीतिक संरक्षण हुने अवस्था सृजना हुनु
- आर्थिक श्रोत साधनको वितरण प्रक्रिया प्रभावकारी नभएमा, आर्थिक विश्रृंखलता एवं चरम गरिबी बढ्नु
- भ्रष्टाचारीलाई सामाजिक बहिष्कार तथा कालो धनलाई त्याग्ने आचरणगत शुद्धिको स्थापित मान्यता विकास नहुनु
- नैतिक मूल्यबोध गराउने नीतिगत, कार्यगत, एवं विधिगत संयन्त्रको प्रभावकारीता नहुनु
- नागरिक दबाब, प्रेस तथा नियमनकारी निकायको न्यून क्रियाशीलता

**भ्रष्टाचार निवारणको क्षेत्रमा देखिएका समस्या तथा चुनौतीहरु :-**

वर्तमान नेपालको सन्दर्भमा विद्यमान नीतिगत, कानूनी एवं संस्थागत संयन्त्र मार्फत भ्रष्टाचार न्यूनीकरणको क्षेत्रमा प्रशंसनीय रुपमा निरोधात्मक, उपचारात्मक एवं प्रवर्द्धनात्मक कार्यशैलीहरु अवलम्बन गरिएको भएता पनि यसको उचित सम्बोधन हुन सकेको छैन। यस क्षेत्रमा विद्यमान समस्याहरु एवं चुनौतीहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

- भ्रष्टाचार निवारण ऐनले निर्दिष्ट गरेका सबै विषय क्षेत्रहरु कानूनी दायरामा ल्याउनु
- सरकार शासकीय आयामको एक पात्र भएको परिप्रेक्ष्यमा निजी, गैर सरकारी संस्था एवं अन्य समष्टीगत क्षेत्रलाई भ्रष्टाचारको कार्य दायरामा आवद्ध गर्न
- Virtual corruption, संवैधानिक एवं न्यायिक निकायमा हुन सक्ने भ्रष्टाचार समेतलाई सम्बोधन र नियमन गर्न सक्ने संयन्त्र विकास एवं सबलीकरण मापदण्ड विकास गर्नु।
- कागजी अपराध जस्तै नीति निर्माणमा स्वार्थपरकता र ठेक्कापट्टामा अदृश्य भ्रष्टाचारको खेल नियमन गर्ने छड्के भिडान जस्ता परिपाटीको विधि सम्मत जग बसाल्न।
- भ्रष्टाचार नियमन गर्ने प्रवर्धनात्मक कार्यशैलीलाई व्यवहारिक मानकमा ल्याउन नैतिक मूल्य, मान्यता र आचरणगत विषयलाई सबै तहको पाठ्यक्रममा समावेश गर्ने, नागरिक अभियान गराउने तथा आम मिडियाको उपयोगलाई प्रभावकारी रुपमा उपयोग गर्ने।
- Citizen property tracking system सम्बन्धी सफ्टवेयर विकास गरी आम नागरिकको सम्पत्ति व्यवस्थापनलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउने प्रणालीको विकास
- National vigilance bereau, CIAA (commision for the investigation of abuse of authority) को human resource, intelligence mechanism & technology सुदृढ एवं श्रोतसाधन सम्पन्न बनाउनु
- भ्रष्टाचारको आरोपपत्र दायर हुँदाका बखत प्रामाणिकताको वैधता पुष्टि हुने न्यूनतम त्रिकोणात्मक

verification लाई आधार मानेर गलत नियत, अपुष्ट र आधारहीन सूचकलाई कानूनी दायरामा ल्याउने परिपाटीको विकास गरी श्रोत र साधनको कुशल प्रयोगमा जोड दिने ।

- उच्च नैतिक मूल्य मान्यताको विकास गर्न पुरस्कार र दण्डको रणनीतिलाई व्यवहारिकरण गर्ने
- नागरिक साख जोगाउने व्यक्तित्व विकास सम्बन्धी तालिम कार्यक्रमहरु सञ्चालन गर्ने
- नागरिक अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउने
- धार्मिक मूल्य मान्यताको जगेर्ना गर्ने र प्रवचनात्मक कार्यहरुलाई सामुहिकीकरण गर्ने ।

**<u>नेपालको सन्दर्भमा भएका पहलहरु</u>**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पहलमा विभिन्न मन्त्रालय अन्तर्गतका ४९ वटा विभागहरूको कार्यविधि (कार्य सञ्चालन निर्देशिका) तयार गराई सञ्चालनमा ल्याइएको छ ।
- स्थानीयस्तरमा भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त बनाउने उद्देश्यले भ्रष्टाचार विरुद्धको समिति सम्बन्धी कार्यविधि, २०६६ लाई प्रत्येक जिल्लामा लागू गरिएको छ ।
- स्थानीय समन्वय समितिको गठन गरी स्थानीयस्तरबाट नै भ्रष्टाचार विरोधी अभियान सञ्चालन हुँदै आएको छ ।
- राज्यको श्रोतबाट तलव भत्ता खाने कर्मचारीले वार्षिक रुपमा अनिवार्य सम्पत्ति विवरण बुझाउने प्रावधानको विकास भएको छ ।
- सचेतना विकास गर्ने प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।
- Social Audit, Public hearing, Hot chair, Media Campaign जस्ता काय{क्रमहरु सञ्चालन भएका छन् ।
- प्रधानमन्त्री कार्यालयदेखि गाउँ विकास समिति र वडा स्तरसम्म अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ।
- सरोकारवाला, नागरिक समाज आदिवाट गुणस्तर नियमनको लागि कार्यहरु भइरहेको छ ।
- भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन र विश्लेषणलाई विश्वासिलो र भरपर्दो बनाउनुका साथै आयोगले निर्णय कार्यान्वयनलाई सशक्त र प्रभावकारी बनाउने सिलसिलामा आयोगबाट छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको र फलस्वरूप भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा आयोगले अझ बढी प्रभावकारी, विशेषज्ञतायुक्त र दक्षता प्राप्त निकायको रूपमा आफूलाई स्थापित गर्ने प्रयासहरू भैरहेका छन् ।
- नेपालले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) लाई २३ फरवरी २०११ मा अनुमोदन गरी पक्ष राष्ट्र बनेको छ । नेपाल सरकारले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ स्वीकृत गरी आयोगलाई भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख जिम्मेवार निकायको रूपमा लिएकोले आयोगको जिम्मेवारी थपिएको छ ।
- भ्रष्टाचार हुन नदिने प्रभावकारी अभ्यासहरूको विकास र प्रवर्द्धन गर्ने, भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित नीति, कानूनी व्यवस्था तथा प्रशासनिक उपायहरूको अद्यावधिक मूल्याङ्कन गर्ने, भ्रष्टाचार निवारण ऐन,

२०५९ लगायतका ऐनहरूमा संशोधन गर्ने तथा केही नयाँ ऐनहरूको तर्जुमा गरी लागू गर्नेसम्बन्धी कार्यहरू भैरहेका छन् ।

- राष्ट्रिय सतक{ता केन्द्र जस्ता निकाय मार्फत Watch dog को भूमिका निर्वाह भइरहेको छ ।

**भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउने सन्दर्भमा थप सुझावहरु**

व्यक्तिगत, सामाजिक एवं राष्ट्रिय जीवनमा भ्रष्टाचारको प्रतिकूल एवं दूरगामी प्रभाव पर्दछ । समन्याय, श्रोतको कुशल प्रयोग, सुशासन, सामाजिक, आर्थिक रुपान्तरण एवं दिगो शान्ति र मानव विकासको लागि भ्रष्टाचार नियन्त्रण आवश्यक छ । नेपालमा व्याप्त गरिबी, पछौटेपन र अविकासको सन्दर्भमा भ्रष्टाचार निवारण चुनौतिपूर्ण कार्य देखिन्छ । यद्यपि प्रभावकारी नियमन, कार्यविधि, निरोधात्मक, उपचारात्मक र दण्डात्मक विधि एवं सामूहिक ऐक्यवद्धताको माध्यमबाट भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । नेपालमा भ्रष्टाचार नियन्त्रणको लागि देहायका उपायहरु अवलम्बन गर्न सकिन्छ ।

- नैतिक मूल्य, मान्यता र आचरण प्रवर्द्धन गर्न नमूना कार्यको बजारीकरण, व्यवहारमा उतार्न पारिवारिक कानून, सामाजिक कानूनको निर्माण, सकारात्मक मूल्य, विकासको लागि तालिम लगायत औपचारिक अनौपचारिक शिक्षाका पाठ्यक्रममा शान्ति, मूल्य र नैतिक सदाचार जस्ता विषयवस्तु समाहित हुनु आवश्यक छ ।
- भ्रष्टाचार निवारण एकल प्रयास र संस्थागत कार्यवाट मात्र समाधान हुन नसक्ने हुदा यसको लागि अन्तर व्यक्ति, निकाय र संस्थाको वृहत सञ्जालीकरण आवश्यक पर्दछ ।
- “रोग लाग्नु भन्दा रोगको बाटो छेक्नु नै जाति” भनेझैं भ्रष्टाचार हुने कारण नै निर्मूल पार्ने निरोधात्मक शैलीको अवलम्बन गर्न सुशासन, राजनीतिक र प्रशासनिक ऐक्यवद्धता एवं कानूनी सर्वोच्चताको पूर्ण प्रत्याभूति हुने माहौल सृजना गरिनु पर्दछ ।
- प्रर्याप्त सचेतना, कानूनी दायरा र कार्यशर्तको नियतवश दुरुपयोग भएमा कानूनी कठघरामा ल्याउने वस्तुगत मानक हुनु जरुरी छ ।
- भ्रष्टाचारको वैधता पुष्टि गर्ने आधार बिना नै कसैलाई गलत नियतले फसाउने चेष्टा गरेमा सजायको मात्रामा तीनगुणा परिणामात्मक वृद्धि गरिनुपर्छ ।
- भ्रष्टाचारलाइ{ सामूहिक बहिष्कार गर्ने लोकनीति लागू गर्न व्यक्ति, समाज र राष्ट्रिय स्तरमा सकारात्मक मनोवृत्ति, नैतिक शुद्धता र Phenomenology को व्यवहारिक कार्यान्वयन गरिनुपर्छ ।
- भ्रष्टाचार नियन्त्रणमा संलग्न नियमनकारी निकायमा कार्यरत जनशक्तिको सक्षमता विकास, प्रविधि, एवं श्रोत व्यवस्थापनमा पर्याप्तता हुनु आवश्यक छ ।
- सार्वजनिक, निजी एवं गैर सरकारी संस्थाहरुको गतिविधिलाई नियमनमा ल्याउन स्पष्ट कार्यविधि निर्माण र कार्यान्वयनमा जोड दिनुपर्छ ।
- अनुगमन मूल्याङ्कनको संयन्त्र विकास र नतिजालाई पुरस्कार र दण्डसँग आवद्ध गरिनुपर्छ ।
- भ्रष्टाचार सम्बन्धी प्राप्त सूचनाको वैधताको लागि Multi layers verification indeces विकास गरिनु पर्छ ।

- Corruption control information System को व्यवस्थित र वैज्ञानिक व्यवस्थापन गर्नु जरुरी छ ।
- Third party intelligence bureau को स्थापना, विस्तार र सबलीकरण गरिनुपर्छ ।
- भ्रष्टाचार निवारणमा Information Communication Technology को प्रयोग गरिनुपर्छ ।
- Cross cutting issues को रुपमा भ्रष्टाचार नियन्त्रणलाई सम्बोधन गर्न नीतिगत, संस्थागत, कार्यगत एकताको प्रवर्द्धन र विकास गरिनु जरुरी छ ।
- व्यक्तिगत तथा संस्थागत सम्पत्तिको अभिलेखन प्रणालीलाई राष्ट्रिय सूचना सञ्जालमा अटोमेसन गर्ने प्रणालीको विकास गरिनुपर्छ ।
- भष्टाचार नियन्त्रणको दायरामा Abuse of power, bribery and secret deals समेतलाई सम्बोधन गर्न भ्रष्टाचार नियन्त्रण सम्बन्धी निकायले रणनीतिक व्यवस्थापन (strategic management) साथै परिवर्तन व्यवस्थापन (Change management) को व्यवहारिक कार्यान्वयनमा जोड दिनुपर्दछ ।
- सूचना प्रणालीको व्यवस्थापन तथा मानव संसाधन व्यवस्थापन मार्फत भ्रष्टाचार नियन्त्रणलाई Pro-active रुपमा अघि बढाउनु जरुरी छ ।

**निष्कर्ष:**

मुलुकी प्रशासनलाई गतिशिल र कामयावी बनाई शासकीय स्वच्छता कायम गर्न भ्रष्टाचार नियन्त्रण पूर्वशर्त हो । श्रोत साधनको कुशलतापूर्वक प्रयोग र उत्तरदायित्व प्रवर्धन गर्न समेत भ्रष्टाचारको अन्त्य हुनै पर्दछ । नेपालमा जस्तो सीमित आर्थिक श्रोत भएको, राजनैतिक संक्रमण र कमजोर नागरिक समाजको संयन्त्र भएको अवस्थामा समन्यायिक, सन्तुलित र मानवोचित विकासको लागि भ्रष्टाचार नियन्त्रण सम्बन्धी निगरानी निकायहरुको क्रियाशिलता, सशक्तिकरण एवं सबलीकरणको लागि यथेष्ट ध्यान दिनु आवश्यक छ । यसको लागि एकल संस्थागत प्रयासको अलावा बहुतह र बहुविधिबाट समन्वय, सहकार्य र साझेदारीमार्फत सामूहिक ऐक्यवद्धताको साथ निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक कार्यविधि अवलम्बन गरी समूल नियन्त्रण गरिनु पर्दछ ।

**सन्दर्भ सामग्रीः**


१. नेपालको संविधान

२. नेपालको चालु आवधिक योजना (२०७१ - २०७३)

३. सोपान मासिकका नियमित अंकहरु

४. निजामती सेवा पत्रिका २०७१ र २०७२

५. सार्वजनिक व्यवस्थापन श्रोत सामग्री , सारथी अध्ययन तथा अनुसन्धान केन्द्र

६. निर्मलादेवी लामिछाने समकालिन नेपाली समाज २०६६, भुँडीपुराण प्रकाशन, बागबजार, काठमाडौ

७. http//en.wikipedia.org/wiki/noble_eight fold paths ,retrived in 22nd December2015

८. Web based latest report of transperency international

# भ्रष्टाचार नियन्त्रणका प्रयास र समस्याहरू



*शिवराम न्यौपाने**


## सारांश

*पतीत व्यवहार, भ्रष्ट आचरण, गैरकानुनी कार्य आदि 'भ्रष्टाचार' हुन् । भ्रष्टाचारले व्यक्तिको इज्जत, प्रतिष्ठा, विश्वास, सान आदिलाई गिराउनुका साथै सम्पूर्ण समाज र मुलुकको स्तरलाई कमजोर गराउँदै लान्छ । समग्रमा यो सामाजिक अपराध हो । यसले क्षणिक सुख, सन्तुष्टि र भोग दिने भए तापनि अन्ततोगत्वा दुःख, पीडा र अशान्तिको अवस्थामा पुऱ्याउँछ । देशको सामाजिक तथा आर्थिक विकास र संवृद्धिमा भ्रष्टाचारले तुषारापात गर्छ । भ्रष्ट समाजमा विकास निरन्तर र गतिशील हुन सक्दैन । सामाजिक न्याय, आर्थिक संवृद्धि र उच्च जीवनस्तर कायम गर्नका लागि भ्रष्टाचाररहित सामाजिक परिवेश कायम गराउन आवश्यक हुन्छ । मुलुकमा सुशासन, पारदर्शिता, कानुनी राज्य र लोकतन्त्रलाई दिगो गराउन भ्रष्टाचार नियन्त्रण अपरिहार्य छ । नेपालमा अझै पनि भ्रष्टाचारको समस्या छ । यो पुरानो र जटिल अवस्थामै छ । भ्रष्टाचार नियन्त्रणका प्रयासहरू विगत पाँच दशकयता निरन्तर रूपमा हुँदै आएका छन् । कानुनी तथा संस्थागत आधारहरू मजबुत भएको महसुस गरिएको छ । कानुनको कार्यान्वयनका साथै संस्थागत सक्रियताको कमीका कारण यस कार्यमा अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको छैन । दण्डहीनता, कानुन तथा प्रक्रियाको गलत व्याख्या, संस्थागत प्रक्रियालाई निष्क्रिय गराउने प्रयास हुँदा भ्रष्टाचार नियन्त्रणको प्रयास फलदायी हुन सकेको छैन । भ्रष्टाचार नियन्त्रणको कार्यलाई सरकार तथा प्रमुख राजनीतिक दलहरूले प्राथमिकतामा राखेका छैनन् । नागरिक समाज, गैरसरकारी संस्थाहरू, निजी क्षेत्रबाट आवश्यक सहयोग प्राप्त हुन सकेको छैन । यस स्थितिमा सरकार, राजनीतिक दल, नागरिक समाज, जनतासमेतको संयुक्त प्रयासबाट जटिल अवस्थामा रहेको भ्रष्टाचारको समस्या समाधान गर्ने संयुक्त प्रयास गर्नु जरूरी भएको छ ।*


## पृष्ठभूमि

सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले पदको अधिकार र शक्ति प्रयोग गरी गैरकानुनी लाभ हासिल गर्ने प्रयास गर्छन् । यस्तो गैरकानुनी आर्थिक वा सामाजिक लाभ कानुनतः दण्डनीय हुन्छ । मूलतः जनतासँग सीधा सम्पर्क हुने सेवा केन्द्रहरू, आर्थिक कारोबार हुने निकायहरू, विकास निर्माणका क्षेत्रहरू, नीति तथा निर्णयका क्षेत्रहरूमा अख्तियारको दुरूपयोग गरी गैरकानुनी आर्थिक तथा सामाजिक लाभ हासिल गर्ने गरेको पाइन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा व्यवस्था भएअनुसार

* *उपसचिव, शान्ति तथा पुनःनिर्माण मन्त्रालय ।*

सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले कानुनअनुसार दण्डित हुने कार्य गरेमा वा अनुचित कार्य गरेमा भ्रष्टाचार हुने परिभाषालाई स्पष्ट पारिएको छ। भ्रष्टाचारको कार्यलाई न्यूनीकरण गरी मुलुकमा सुशासन कायम गर्नका लागि सरकारले भ्रष्टाचार नियन्त्रणका विभिन्न प्रयासहरू गर्दै आएको छ । विभिन्न कठिनाइका कारण विद्यमान कानुनी तथा संस्थागत प्रयास यस दिशामा प्रभावकारी हुन सकेको देखिँदैन ।

नेपालमा भ्रष्टाचारको समस्या राणा शासनकालदेखि नै जटिल अवस्थामा रहेको तथ्य इतिहासबाट स्पष्ट हुन्छ । राणा प्रधानमन्त्रीहरूले राज्यको आम्दानी आफ्नो व्यक्तिगत कार्यमा खर्च गर्ने गरेबाट पनि यस तथ्यलाई सत्य मान्न सकिन्छ । राजनीतिक नेतृत्व गर्ने उच्च पदस्थ व्यक्तिहरूबाटै अख्तियारको दुरुपयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ । नेतृत्व तहको गैरजिम्मेवारीपूर्ण कार्यका आडमा कर्मचारीहरूसमेत भ्रष्टाचारको कार्यमा संलग्न छन् । २००९ सालमा भ्रष्टाचार नियन्त्रण गर्ने कानुन बनाई जाँचबुझको कार्य थालनी गर्न सङ्गठनात्मक व्यवस्थासमेत गरिएबाट मुलुकमा भ्रष्टाचार नियन्त्रणको प्रयास लामो समयदेखि निरन्तर रूपमा हुँदै आएको छ भन्न सकिन्छ । भ्रष्टाचारको प्रवृत्ति सरकारी सेवाका प्रायःजसो सबै क्षेत्रमा पाइन्छ । यसकारण यसको प्रभावकारी नियन्त्रणका लागि प्रशासनिक, न्यायिक र आर्थिक क्षेत्रमा छुट्टाछुट्टै र विशिष्टीकृत रूपमा अनुसन्धान एवं छानबिन गरी मुद्दा पेस गर्ने व्यवस्था गरिएको छ ।

भ्रष्टाचारको स्वरूप, शैली र शक्ति स्थानीय स्तरसम्म विस्तारित भएका कारण यसको नियन्त्रण क्रमशः जटिल हुँदै गएको छ । वर्तमानमा भ्रष्टाचार नियन्त्रणका लागि सुधारिएका कानुनका साथै वैज्ञानिक कार्यपद्धति अवलम्बन गर्नु जरुरी छ । यसै गरी भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरूलाई सक्रिय गराउने कार्यलाई पनि प्राथमिकता दिनुपर्छ । यस दिशामा केही क्रियाशीलता देखिएको छ । यस कार्यमा आवश्यक सहयोग र प्रतिबद्धता नभएका कारण कार्यान्वयन पक्ष कमजोर छ । यसका कारण भ्रष्टाचार नियन्त्रणको प्रयासबाट मुलुकमा अपेक्षाकृत उपलब्धि प्राप्त हुन सकेको छैन । यस सन्दर्भमा भ्रष्टाचार नियन्त्रणको प्रयासलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता टड्कारो छ । यसका लागि सरकार तथा नागरिक समाजका साथै गैरसरकारी संस्थाहरूसमेतको प्रयास र ऐक्यबद्धता आवश्यक छ ।

## भ्रष्टाचारको जानकारी

पतीत आचरण वा दूषित मर्यादा सामान्य अर्थमा भ्रष्टाचार हो अर्थात् नियम वा कानुनविरुद्ध नैतिक पतन हुने काम गरी घूस खाई पक्षपातपूर्ण निर्णय र व्यवहार गर्ने काम भ्रष्टाचार हो । भ्रष्ट मनसाय वा घूसखोरी भ्रष्टाचार हो । भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार भ्रष्टाचार भन्नाले राष्ट्रसेवकले आफ्नो ओहदाको काम गर्दा निम्नानुसारका कार्य गरेमा भ्रष्टाचार हुन्छ :

- ❖ रिसवत लिनेदिने कार्य,
- ❖ विनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने कार्य,
- ❖ दान, दातव्य, उपहार वा चन्दा लिने कार्य,
- ❖ कमिसन लिने कार्य,
- ❖ राजस्व चुहावट गर्ने कार्य,
- ❖ गैरकानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले गर्ने कार्य,
- ❖ गलत लिखत तयार गर्ने कार्य,
- ❖ गलत अनुवाद गर्ने कार्य,
- ❖ सरकारी कागजात सच्याउने कार्य,
- ❖ सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने कार्य,

- प्रश्नपत्रको गोपनियता भङ्ग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने कार्य,
- गैरकानुनी व्यापार व्यवसाय गर्ने कार्य,
- नपाएको ओहदा पाएँ भनी प्रभाव पार्ने कार्य,
- झुट्टा विवरण दिने कार्य,
- सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गर्ने कार्य,
- गैरकानुनी दबाब दिने कार्य,
- गलत प्रतिवेदन दिने कार्य आदि ।

सार्वजनिक पद धारण गरेका व्यक्तिले गर्ने उपरोक्तअनुसारका कार्यका अतिरिक्त अनुचित कार्यबाट पनि भ्रष्टाचार हुने गरेको पाइन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार अनुचित कार्य भन्नाले निम्नलिखित कार्यहरू पर्दछन् :

- आफ्नो अधिकारभित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको,
- कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरेको,
- आफूलाई प्राप्त अधिकार सम्बन्धित कानुन, निर्णय वा आदेश विपरीत अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरेको,
- आफ्नो तजबिजी अधिकार बदनियत साथ वा स्वेच्छाचारी रूपमा प्रयोग गरेको,
- अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दबाब दिई कुनै अनधिकृत कार्य गराएको,
- आफूले गर्नुपर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारी कहाँ पठाई आफ्नो उत्तरदायित्व पन्छाएको,
- आफ्नो पदको प्रकृतिअनुसार पालन गर्नुपर्ने कुनै पदीय कर्तव्य पालन नगरेको,
- आफ्नो मातहतमा रहेको कर्मचारी वा आफ्नो प्रभावमा रहेको व्यक्तिलाई अनुचित दबाब दिई वा प्रलोभनमा पारी आफ्नो अनुकुलको काम गराएको र
- आफूलाई पदीय हैसियतले प्राप्त उन्मुक्ति, सुविधा वा सहुलियतको दुरुपयोग गरेको ।

## भ्रष्टाचारका प्रमुख कारणहरू

भ्रष्टाचारले कर्मचारी, राजनीतिक नेतृत्व, उद्योगी, व्यापारी, करदाता सबैलाई प्रभाव पारेको छ। कमजोर कार्यपद्धति, प्रक्रिया उन्मुख कानुन एवं निर्णय प्रणाली, जिम्मेवारी पन्छाउने कार्यसंस्कार, सरकारी निकायहरूबीचको कमजोर समन्वय, राजनीतिक अस्थिरता जस्ता समस्याहरू विद्यमान भएका कारण भ्रष्टाचारको प्रवृत्तिमा कमी आउन सकेको छैन। भ्रष्टाचारका प्रमुख कारणहरू मूलतः निम्नानुसार रहेका छन् :

### क) आर्थिक कारणहरू

- कमजोर आयआर्जनका कारण गरिबी कायमै रहनु,
- कर्मचारीलाई न्यूनतम जीवन निर्वाह गर्नसमेत नपुग्ने तलब सुविधा हुनु,
- गैरआर्थिक आर्जन विरुद्धमा सरकारी निगरानी कमजोर हुनु,
- थोरै समय र लगानीमा धेरै आर्थिक आर्जन गर्ने प्रवृत्ति बढ्नु आदि ।

### ख) सामाजिक कारणहरू

- सामाजिक तथा सांस्कृति कार्यमा फजुल खर्च गर्ने प्रवृत्तिमा वृद्धि हुनु,
- सामाजिक खर्चमा प्रतिस्पर्धाको वृद्धि,
- भ्रष्टाचारको कमाइलाई समाजले स्वीकार्ने अवस्था कायमै रहनु,

- परिवारबाटै भ्रष्टाचार गर्न उत्प्रेरित गर्ने संस्कार कायमै रहेको,
- भ्रष्टाचारको विरोधमा सामाजिक संस्थाहरूको सहकार्यको कमी आदि ।

## ग) राजनीतिक कारणहरू

- भ्रष्टाचार नियन्त्रणका लागि सोच, नीति, योजना, रणनीतिको नियमितताका लागि राजनीतिक सहमति र प्रतिबद्धताको कमी भएको,
- भ्रष्टाचारीहरूको संरक्षणका लागि राजनीतिक दबाब आउने गरेको,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठनमा राजनीतिक दलहरू जिम्मेवार हुन नसकेको,
- राजनीतिक नेतृत्वहरूसमेत भ्रष्टाचारका कार्यमा संलग्न हुने गरेको,
- प्रशासनिक कार्यमा अनावश्यक राजनीतिक संलग्नता वृद्धि भएको आदि ।

## घ) प्रशासनिक कारणहरू

- प्रक्रिया उन्मुख कार्यप्रणाली कायमै रहनु
- कर्मचारीमा जिम्मेवारी पन्छाउने तथा जवाफदेह नहुने प्रवृत्ति रहेको,
- सरकारी कार्यलाई पारदर्शी गराउन नसकिएको,
- यथास्थितिवादी सोच र कार्यशैली कायमै रहेको,
- सरकारी निकायहरूबीच समन्वयको कमी रहेको,
- सरकारी अनुगमन र निरीक्षण कमजोर भएको,
- अस्पष्ट, विवादित, प्रक्रिया उन्मुख नियम, कानुन, प्रक्रिया मौजुदा रहेको आदि ।

## ङ) अन्य कारणहरू

- भ्रष्टाचारबाट आर्जित सम्पत्तिको विरोध गर्ने समाज नभएको,
- नागरिक समाजको भ्रष्टाचारप्रतिको चासो र चियोचर्चोमा कमी,
- नैतिक शिक्षाको कमी,
- सरकार र नागरिक समाजका बीचमा सहकार्यको कमी,
- दण्डहीनताको अवस्थालाई नियन्त्रण गर्न नसकिएको,
- अख्तियार दुरुपयोगको अनुसन्धान गरी मुद्दा पेस गर्ने निकाय र मुद्दा फैसला गर्ने निकायबीचको समन्वय सहयोगी नभएको आदि ।

# भ्रष्टाचारबाट परेका असरहरू

भ्रष्टाचार महामारी र सरुवा रोग हो । यसले मुलुकको कुनै पनि क्षेत्रलाई आफ्नो प्रभावबाट मुक्त राखेको छैन । मूलतः सामाजिक, विकास निर्माण, प्रशासनिक र राजनीतिक क्षेत्रमा यसको प्रभाव टड्कारो देखिन्छ । भ्रष्टाचारका केही प्रमुख असरहरू निम्नानुसार छन् :

- सरकारको सुशासनको नीति प्रभावकारी हुन नसकेको,
- सरकारप्रतिको जनताको विश्वास र भरोसा घट्दै गएको,
- विकास निर्माणमा दाता तथा लगानीकर्ताहरूको उत्सुकता घटेको,
- सरकारी स्रोतसाधनको दुरुपयोग बढेको,
- प्रशासनिक विश्वास, प्रतिष्ठा, इज्जत, सान गिर्दै गएको,
- कर्मचारीहरूबीच वर्गीय सोच रहेका कारण सङ्गठनात्मक द्वन्द्व बढेको,
- सङ्गठनभित्र कार्यउत्प्रेरणा र क्षमता वृद्धि हुन नसकेको,
- जिम्मेवारी नलिने, कार्यसम्पादनमा उदास हुने प्रवृत्ति विकास भएको,

- राजनीतिज्ञ तथा कर्मचारीबीचको सम्बन्ध मजबुत नभएको,
- दण्डहीनता, नातावाद र नैतिकहीनताले प्रश्रय पाएको,
- गरिबी, पीडा र अभावको अवस्था कायमै रहेको,
- आर्थिक एवं सामाजिक विकृति र शोषणहरू वृद्धि भएको,
- सम्पन्न र विपन्नका बीचको अन्तर बढेको आदि ।

## भ्रष्टाचार नियन्त्रणका लागि भएका प्रयासहरू

भ्रष्टाचार सामाजिक विकृति हो । समाजको विकाससँगसँगै कुनै न कुनै रूपमा यो समस्या मानव सभ्यताको उषाकालदेखि जोडिँदै आएको छ । नेपालका सन्दर्भमा सामाजिक अनुशासन, मर्यादा र आचरण कायम गराउने उद्देश्यले कार्यान्वयनमा आएको मुलुकी ऐनदेखि नै भ्रष्टाचार नियन्त्रण गर्ने प्रयास भएको बुझिन्छ । २००९ सालमा छुट्टै कानुन बनाई जाँचबुझको थालनी भएदेखि भ्रष्टाचार नियन्त्रणको औपचारिक प्रयास आरम्भ भएको देखिन्छ । २०१३ का साथै २०१७ सालमा आएको भ्रष्टाचार निवारण ऐनले यस कार्यलाई थप मजबुत बनायो । २०४६ सालको राजनीतिक परिवर्तनपछि भ्रष्टाचार नियन्त्रणको कार्यलाई अझ प्रभावकारी गराउनुपर्ने आवश्यकता महसुस भयो । फलस्वरूप भ्रष्टाचार नियन्त्रणका लागि सुधारिएको भ्रष्टाचार निवारण ऐन, २०५९ कार्यान्वयनमा आयो । यसका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यक्षेत्रलाई फराकिलो बनाई अधिकार र शक्तिसम्पन्न पार्ने प्रयास भयो । मूलतः भ्रष्टाचार नियन्त्रणका लागि गरिएका विद्यमान व्यवस्थाहरू निम्नानुसार छन् :

### क) भ्रष्टाचार नियन्त्रणका लागि भएका विद्यमान कानुनी व्यवस्थाहरू

- नेपालको अन्तरिम संविधान, २०६३ मा संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहने व्यवस्था गरिएको छ । आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्ने व्यवस्था छ ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८;
- भ्रष्टाचार निवारण ऐन, २०५९;
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९;
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०६३;
- अनुसन्धानसम्बन्धी निर्देशिकाहरू;
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०६५;
- भ्रष्टाचार विरुद्धको समितिसम्बन्धी कार्यविधि, २०६३;
- स्थानीय प्रशासन ऐन, २०२८;
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०;
- न्याय परिषद् ऐन २०४७ आदि ।

### ख) भ्रष्टाचार नियन्त्रणका लागि भएका विद्यमान संस्थागत व्यवस्थाहरू

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
- राष्ट्रिय सतर्कता केन्द्र,
- विशेष अदालत,
- राजस्व अनुसन्धान विभाग,

- ❖ क्षेत्रीय प्रशासन कार्यालय, जिल्ला प्रशासन कार्यालय र सरकारी वकिल कार्यालय,
- ❖ न्याय परिषद्,
- ❖ सार्वजनिक लेखा समिति,
- ❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोगका फोकल प्वाइन्टहरू (नेपाल सरकारका केन्द्रीय निकायहरूमा),
- ❖ प्रशासकीय अदालत, राजस्व न्यायाधीकरण,
- ❖ स्थानीय समन्वय समिति आदि ।

## भ्रष्टाचार नियन्त्रणको प्रयासमा भएका समस्याहरू

नेपालमा भ्रष्टाचार जटिल र चुनौतीपूर्ण समस्याका रूपमा रहेको छ । यसको नियन्त्रण गर्ने प्रयास अपेक्षित रूपमा फलदायी हुन सकेको छैन । विद्यमान कानुनी तथा संस्थागत व्यवस्थाको प्रभावकारी कार्यान्वयन नभएको अवस्था एकातर्फ छ भने अर्कातर्फ भ्रष्टाचार नियन्त्रणको प्रयासमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एक्लो प्रायः छ । भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा भएका समस्याहरू मूलतः निम्नानुसार छन् :

### क) नीतिगत समस्या

- ❖ सजिलै बेहोर्न सकिने (कमजोर) दण्डजरिवाना,
- ❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकार तथा कार्यक्षेत्र साँघुरो,
- ❖ आयोगले स्थानीय स्तरसम्म आफ्नो कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसकेको,
- ❖ भ्रष्टाचार नियन्त्रणको कार्य सरकारको उच्च प्राथमिकतामा पर्न नसकेको,
- ❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक लेखा समिति जस्ता निगरानी र नियन्त्रणको जिम्मेवारीमा खटिएका निकायहरूको आदेश निर्देशन पालना नगर्नेलाई कडा कारबाही गर्ने व्यवस्था नभएको,
- ❖ आयोगमा छुट्टै सेवा र विशेषज्ञता भएका कर्मचारीहरू राखी कार्यसञ्चालन गर्ने व्यवस्था नभएको आदि ।

### ख) व्यवस्थापकीय समस्याहरू

- ❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायका कर्मचारी व्यवस्थापनमा सरकारको अनावश्यक हस्तक्षेप भएको,
- ❖ आयोग गठन गर्ने कार्य छिटोछरितो, स्वच्छ र जिम्मेवारपूर्ण हुन नसकेको,
- ❖ अनुसन्धान एवं अभियोजनको कार्य प्रक्रियाउन्मुख, ढिलासुस्ती, अविश्वसनीय हुने गरेको,
- ❖ विशेष अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबीचको समन्वय कमजोर भएको,
- ❖ जिम्मेवार, उत्प्रेरक र सक्षम कर्मचारीको कमी भएको,
- ❖ भ्रंष्टाचारविरुद्धको अनुसन्धानमा सम्बन्धित निकायहरूको सहयोगको कमी भएको,
- ❖ अत्याधुनिक प्रविधि र साधनस्रोतको कमी भएको आदि ।

### ग) व्यावहारिक समस्याहरू

- ❖ राजनीतिक नेतृत्व नै फजुल खर्च र आर्थिक अनियमिततामा संलग्न हुने गरेको,
- ❖ राजनीतिक नियुक्ति, कर्मचारीहरूको सरुवा र पदस्थापनामा सरकार तथा प्रमुख राजनीतिक दलहरूबाट अनुशासन, आचरण र स्वच्छताका उदाहरणहरू देखाउन नसक्नु,
- ❖ दण्डहीनतालाई नियन्त्रण गर्ने कार्यमा सरकार कमजोर हुनु,

- ❖ प्रशासन तथा व्यवस्थापनमा राजनीतिक हस्तक्षेप हुनु,
- ❖ सरकारी निकायहरूबीच कमजोर समन्वयको अवस्था,
- ❖ जिम्मेवारी निर्वाह नगर्ने व्यक्तिलाई कारबाही नगर्ने संस्कार कायम रहनु,
- ❖ नागरिक समाज र जनताको सहयोग प्राप्त हुन नसकेको आदि ।

## समस्याका कारणहरू

- ❖ राजनीतिक अस्थिरता,
- ❖ राजनीतिक प्रतिबद्धता, अनुशासन र सहयोगको कमी,
- ❖ दण्डहीनतालाई नियन्त्रण गर्न नचाहने सरकारी कार्यशैली,
- ❖ प्रशासन तथा व्यवस्थापनमा राजनीतिक हस्तक्षेप,
- ❖ सहयोगी र जवाफदेहीपूर्ण समन्वयन शैली विकास नभएको,
- ❖ जिम्मेवारी निर्वाह गर्ने र नगर्नेबीच फरक नभएको अवस्था कायम,
- ❖ नागरिक समाज र जनताको सहयोगमा कमी आदि ।

## भ्रष्टाचार नियन्त्रणका क्रममा देखा परेका समस्याको समाधानका लागि उपायहरू

### क) नीतिगत सुधार गर्ने

- ❖ भ्रष्टाचार विरुद्ध कडा र आत्तिने खालको दण्डजरिवानाको व्यवस्था गर्ने,
- ❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत भ्रष्टाचार नियन्त्रण कार्यमा संलग्न निकायहरूको आदेश निर्देशन पालना नगर्नेलाई कडा कारबाही गर्ने व्यवस्था गर्ने,
- ❖ भ्रष्टाचार नियन्त्रणको विषयलाई मुलुकको उच्च प्राथमिकताको कार्यक्रममा राख्ने,
- ❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छुट्टै सेवा, विशेष प्रकृतिको क्षमता र योग्यता भएको कर्मचारी संयन्त्र बनाउने आदि ।
- ❖ भ्रष्टाचार निवारण ऐन, २०५९ मा समसामयिक संशोधन गरी भ्रष्टाचार नियन्त्रणको कार्यक्षेत्र, अधिकार र शक्तिलाई अझ व्यापक बनाउने आदि ।

### ख) व्यवस्थापकीय सुधार गर्ने

- ❖ कर्मचारी व्यवस्थापनमा सरकारी हस्तक्षेप न्यून गर्ने,
- ❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठनलाई छिटोछरितो, स्वच्छ र व्यावसायिक गराउने,
- ❖ भ्रष्टाचार विरुद्धको अनुसन्धान एवं अभियोजनको कार्यलाई छिटोछरितो र भरपर्दो गराउने,
- ❖ विशेष अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबीचको समन्वयलाई मजबुत र सहयोगी गराउने,
- ❖ जिम्मेवार, उत्प्रेरक र सक्षम कर्मचारीको व्यवस्था गर्ने,
- ❖ भ्रष्टाचार विरुद्धको अनुसन्धानको कार्यलाई स्थानीय स्तरसम्म पुऱ्याउने,
- ❖ भ्रष्टाचार विरुद्धको कार्यमा संलग्न निकायहरूमा अत्याधुनिक प्रविधि र साधनस्रोतको व्यवस्था गर्ने आदि ।

### ग) व्यवहारगत सुधार गर्ने

- ❖ सरकारका सदस्यहरू, राजनीतिक दलहरूका नेता र उच्च पदस्थ कर्मचारीले आचरण, अनुशासन र नैतिकताका उदाहरणहरू देखाउने,

- ❖ भ्रष्टाचारीहरूको संरक्षण गर्ने प्रवृत्ति हटाउने,
- ❖ दण्डहीनतालाई नियन्त्रण गर्ने कार्यमा सरकार एवं राजनीतिक दलहरू जिम्मेवार हुने,
- ❖ प्रशासन तथा व्यवस्थापनमा हुने फोहोरी राजनीतिक खेल बन्द गर्ने,
- ❖ जिम्मेवारी निर्वाह गर्ने र नगर्ने कर्मचारीको पहिचान गर्ने कार्यलाई प्रांथमिकता दिने,
- ❖ नागरिक समाज र जनताको सहयोगबाट भ्रष्टाचार नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गर्ने आदि ।

## निचोड

'भ्रष्टाचार' सरकार, जनता, कर्मचारी र नागरिक समाज सबैको समस्याको विषय हो । यसको नियन्त्रण गर्ने दायित्व राष्ट्रप्रति जिम्मेवार सबैमा रहेको छ । सरकारको एक्लो प्रयासबाट भ्रष्टाचार निर्मूल हुन नसक्ने तथ्य स्पष्ट छ । हिजोभन्दा आज भ्रष्टाचारको समस्या जटिल, मजबुत, गाँजिएको अवस्थामा छ । यसको नियन्त्रण गर्ने प्रयास खारिँदै र सुधारिँदै आएको भए तापनि यो कार्य अपेक्षाकृत फलदायी हुन सकेको छैन । मुलुकमा विद्यमान विभिन्न राजनीतिक, सामाजिक र प्रशासनिक समस्याहरूका कारण भ्रष्टाचार नियन्त्रणको अभियानलाई प्रभावकारी गराउन सकिएको छैन । राजनीतिक नेतृत्व, प्रमुख राजनीतिक दलका उच्च नेताहरू, उच्चपदस्थ कर्मचारी, नागरिक समाज र निजी क्षेत्रसमेतको आचरण, अनुशासन र चेतनाबाट मात्र यस अभियानलाई गति प्रदान गर्न सकिन्छ । सरकार वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एक्लो प्रयासबाट सफलता प्राप्त हुन सक्दैन । यस सन्दर्भमा सरकारले भ्रष्टाचार नियन्त्रणका कार्यक्रमहरूलाई जनमुखी, सहभागितामूलक र सहकार्यात्मक गराउनु आवश्यक छ । राजनीतिक नेतृत्व एवं उच्च प्रशासनिक नेतृत्वको चासो, लगाव र प्रतिबद्धताले महत्त्वपूर्ण भूमिका निर्वाह हुन सक्छ । त्यसैले सरकार र प्रमुख राजनीतिक दलहरूको यसप्रतिको जिम्मेवारी र अग्रसरताबाट नागरिक समाजको सहकार्यमा भ्रष्टाचार नियन्त्रण गर्ने कार्यलाई मूर्त रूप दिने प्रयास गरिनुपर्दछ । यसबाट मुलुकमा भ्रष्टाचार नियन्त्रणको प्रयासलाई प्रभावकारी गराई सुशासन कायम गर्न सकिने तथ्यमा विश्वस्त हुन सकिन्छ ।

## सन्दर्भ सामग्रीहरू


- - -, नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौँ, नेपाल कानुन किताब व्यवस्था समिति ।

- - -, भ्रष्टाचार निवारण ऐन, २०५९, काठमाडौँ, नेपाल कानुन किताब व्यवस्था समिति ।

- - -, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, काठमाडौँ, नेपाल कानुन किताब व्यवस्था समिति ।

- - -, उन्नाइसौँ वार्षिक प्रतिवेदन, २०६५/६६, काठमाडौँ, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।